**मलेशियामा रोजगारी** COMPANY: SK RESOURCES
Pre Approval Date: 2026/04/20 Chalani No. 60254126 LOT No. 340754 City: KAWASAN PERINDU

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER | 2 | 0 | 1700 | ६४,०३६/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**फाइनल अन्तरवार्ता मिति २०८३/०१/१५ गते (28 April 2026) मेनपावरको कार्यालय काठमाडौंमा हुनेछ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

"Global Jobs Local Trust"
**ASIAN RECRUITMENT SERVICES PVT. LTD.** Gov. Lic. No. 357/059/060
साविकको: (CLASSIC OVERSEAS MANPOWER PVT.LTD.)
Battisputali-9, Gaushala, Kathmandu, Nepal
Contact: Sukra Rai : 1 4565753, 4565752, Fax No-4565750
gmail: asianrecruitment09@gmail.com
website: www.asianrecruitment.com.np



## जापानमा रोजगारी

१. कम्पनीको नामः **MEC Business Cooperative, Japan**
पूर्व स्वीकृति मितिः 20.04.2026 एल.टी. नं.# 340491 चलानी नं.: 60254109

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 3 | 0 | स. काममा दक्ष | 196000 | 184044 | क. नि. अनुसार | ७ घण्टा | ६ दिन | २१ दिन | छैन | छ | ३ वर्ष |

२. कम्पनीको नामः **MEC Business Cooperative, Japan**
पूर्व स्वीकृति मितिः 20.04.2026 एल.टी. नं.# 340492 चलानी नं.: 60254108

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 2 | 0 | स. काममा दक्ष | 186608 | 175225 | क. नि. अनुसार | ६:३० घण्टा | ६ दिन | २१ दिन | छैन | छ | ३ वर्ष |

३. कम्पनीको नामः **Cooperative Fuji, Japan**
पूर्व स्वीकृति मितिः 20.04.2026 एल.टी. नं.# 340752 चलानी नं.: 60254142

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General/Factory Worker | 0 | 6 | स. काममा दक्ष | 172672 | 162139 | क. नि. अनुसार | ७:३० घण्टा | ५ दिन | २१ दिन | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | बिदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा खर्च व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु.७००/- कामदारले तिर्ने | रु.१,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

**अन्तरवार्ताः १५ बैशाख २०८३ (28 April 2026)**
**अन्तरवार्ता हुने स्थानः एस ओ एस मेनपावर सर्भिस प्रा.लि., धापासी, काठमाडौं।**

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा ३ वर्ष पूर्व दर्ता भई सञ्चालन भइरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषी सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा बस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निमार्ण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरीकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतको निकायहरूमा ३ वर्ष पूर्व दर्ता भई सञ्चालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषी सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा बस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तिर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थान यस प्रा.लि.को कार्यालय यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र,**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क यातायात भिषा तथा प्रवद्धन खर्च समेतको कुल खर्चः रू.१०,०००।-**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरिका मिति र स्थान अन्तरवार्ताः प्रा.लि.को कार्यालयमा २०८३ बैशाख १५ गते बिहान १०:०० बजे अनलाईन मार्फत हुनेछ।**
**नोटः बैदेशिक रोजगार ऐन २०६४ को दफा ८ बमोजिम महिला दलित आदिवासी, जनजाती, उत्पीडित वर्ग पिछडिएको क्षेत्र तथा वर्ग एवम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ। आफ्नो डकुमेण्टहरू इमेल sosgroup.com.np मार्फत पठाउनु होला।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः**
१. आफ्नो नाममा भिषाप्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होस्। आफुले बुझाएको रकमको भरपाई अनिवार्य रूपमा लिनुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।, ३. यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होस्।, ४. विदेश जानु अघि अभिमुखीकरण तालिम अनिवार्य लिनु पर्नेछ।, ५. अनिवार्य रूपमा बिमा गराउनुहोस्।, ६. विदेश जानु अघि आफू जाने मुलुक, काम गर्ने कम्पनी, पाउने सेवा सुविधा र अन्य सर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफू संग राख्नुहोस्।, ७. श्रम स्वीकृति बिना बैदेशिक रोजगारीमा नजानुहोस्। बैदेशिक रोजगारमा जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा बिश्वास नगर्नुहोस् अन्यथा ठगिने सम्भावना हुन्छ।, ८. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।, ९. काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्।, १०. काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११. करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोटः जापानिज भाषा N4 सम्म जानेको हुनु पर्नेछ। जापानिज भाषा जानेकोलाई प्राथमिक दिईने छ।**

**SOS MANPOWER SERVICE PVT. LTD.**
Dhapasi, Kathmandu,Near Hotel Shahenshaha
Email: info@sosgroup.com.np, www.sosgroup.com.np
Tel.(Hotline):+977-1-4965986/87, WhatsApp: 9802368332
Phurwa Sherpa, Contact Number: 9824797872
Gov.Lic.No.: 80/052/053
**आफ्नो बायोडाटा र अनुभवका कागजातहरू माथिको WhatsApp मा पठाउनु होला।**

# समाज हेर्न चाहन्छ, तर लुकाउँछ !



युमाश शेर्पा
journalistumash@gmail.com

**• 'न्युड'को महत्वपूर्ण आयाम 'लैंगिक दृष्टिकोण' पनि हो। अधिकांश ऐतिहासिक र विवादास्पद चित्र पुरुष कलाकारले नै बनाएका छन्। यही कारण पनि महिला शरीरलाई 'हेर्ने वस्तु'का रूपमा प्रस्तुत गरिएको आरोप लागेको छ। यसलाई 'पुरुष दृष्टि' अर्थात् 'मेल ग्याज' भनिन्छ। केही नारीवादी कलाकारले नग्न कलालाई 'जहाँ शरीर स्वतन्त्रता र आत्मपहिचानको प्रतीक' भनेका छन्। यो यस्तो क्षेत्र बनेको छ, जहाँ सौन्दर्य र विवाद, स्वतन्त्रता र सीमारेखा, कला र नैतिकतासँगै उभिएको छ।**

**• 'न्युड कला'लाई 'नग्नता'को संकुचित दृष्टिकोणबाट भन्दा पनि व्यापक सांस्कृतिक र दार्शनिक सन्दर्भमा बुझ्न आवश्यक छ। कला समाजको ऐना हो भने 'न्युड कला' यही ऐनाको सबैभन्दा संवेदनशील र यथार्थपरक प्रतिबिम्ब बन्न सक्छ। समाजमा 'न्युड' शब्द सुन्नासाथ धेरैको अनुहार रातो असहज परिस्थिति महसुस हुन्छ। मानौं, यो कुनै खतरनाक विषय हो, यसको उच्चारण गर्नासाथ संस्कार धरापमा पर्छ।**

**• मन्दिरका टुँडालमा कुँदिएका आकृति, तान्त्रिक चित्र सांस्कृतिक धरोहरकै हिस्सा हुन्। त्यतिबेला नग्नता 'अश्लील'भन्दा ऊर्जा, सृष्टि र जीवनको प्रतीक मानिन्थ्यो। अहिले त्यही कुरा चित्रकला वा प्रदर्शनीमा देखिँदा अचानक 'संस्कृति संकटमा' परेको अनुभूत हुन्छ। 'नग्नता'लाई सिधै 'अश्लीलता'सँग जोड्ने बानी परेकै यस्तो महसुस भएको हो। सत्य के हो भने, 'न्युड कला न पूर्णरूपमा सही हो, न त गलत।' यो माध्यममात्रै हो, यस कसरी प्रयोग गर्ने ? यसलाई 'नग्नता'कै रूपमा मात्रै हेर्ने हो भने अवश्य पनि विवादमात्र जन्माउँछ। यदि कला, अभिव्यक्ति र विचारका रूपमा बुझ्न् हो भने यसले अथाह सिर्जनाका ढोका पनि खोलिदिन्छ।**

छिमेकी राष्ट्र भारतको आधुनिक कलाका प्रमुख कुचीमध्येका मकबुल फिदा हुसेन (एफएफ हुसेन)ले देवीदेवतालाई आधुनिक र प्रतीकात्मक शैलीमा चित्रण गर्नेक्रममा सन् १९७० तिर देवी सरस्वतीको नग्न कला क्यानभासमा उतारे। चित्र कारेको झन्डै ३० वर्षपछि यसले भारतमा उग्ररूप लियो र हुसेनले देशै छोडनुपर्‍यो। उनको चित्रले कला स्वतन्त्रता, धार्मिक संवेदनशीलता र राष्ट्रिय पहिचानलाई लिएर गम्भीर प्रश्न खडा गर्‍यो। हुसैनको कला परम्परागत भारतीय रूप-रंगमिश्रित आधुनिक शैलीको थियो। देवीदेवतालाई स्थिर, आदर्शीकृत र पूजनीय छविबाट बाहिर निकालेर जीवित, गतिशील र मानवीयरूपमा प्रस्तुत गर्न खोजिएको थियो। तर, हिन्दूधर्ममा सरस्वती ज्ञान, संगीत र विद्याकी देवी भएकीले उनको नग्न चित्र विवादास्पद बन्न पुग्यो।

यद्यपि, विवादको मूल कारण भने नग्नतामात्रै थिएन। आलोचकका तर्कअनुसार देवीदेवताका चित्रमा सांस्कृतिक मर्यादा र श्रद्धाको सीमाना हुन्छ, जसलाई नाघ्ने अधिकार कसैलाई पनि छैन। उनीहरूले हुसैनको कामलाई 'कला'भन्दा 'उत्तेजना पैदा गर्ने प्रयास'का रूपमा व्याख्या गरे। अर्कोतर्फ, हुसैनका समर्थक 'भारतीय कला परम्परामै मन्दिरका मूर्ति र तान्त्रिक चित्रमा नग्नता स्वाभाविकरूपमा रहेको' तर्क अघि सार्दै उनको बचाउमा लागे। विवादले सामाजिकसँगै राजनीतिक रङ लिन थालेपछि हुसैनविरुद्ध प्रदर्शन गरिए, उनका चित्र प्रदर्शनीमा तोडफोड गरियो र विभिन्न ठाउँमा कानुनी मुद्दा दायर गरिए। यी घटनापछि हुसेनको सुरक्षा जोखिममा पर्‍यो। सन् २००६ तिर भारत छोडेर उनी कतार र बेलायत निर्वासित भए। पछि, कतार सरकारले उनलाई नागरिकतासमेत दिएको थियो। यद्यपि, उनको निधन भने सन् २०११ मा लन्डनमा भयो।

त्यसो त, हुसैन स्वयं पनि आफ्ना सिर्जनालाई 'कुनै धर्मविरुद्धको आक्रमण नभई कलात्मक स्वतन्त्रताको अभ्यास'का रूपमा व्याख्या गर्थे। उनी भन्ने गर्थे, 'कलाकारले परम्परालाई पुनर्व्याख्या गर्न पाउनुपर्छ र कला सधैं प्रश्न उठाउने माध्यम हो।' उनको 'न्युड सरस्वती' विवादले 'न्युड अर्थात् नग्न कला शरीरको प्रस्तुतिमात्रै नभएर सांस्कृतिक पहिचान, धार्मिक भावना र राजनीतिक शक्तिसँग गहिरोरूपमा जोडिएको' विषय प्रतीत हुन्छ। यो आफैंमा संवेदनशील र चुनौतीपूर्ण विधा पनि हो। हुसैनको यही संवेदनशीलता क्यानभासमै सीमित रहेन, यसको प्रभाव समाजको गहिराइसम्मै पुग्यो र जीवनको उत्तरार्ध उनले निर्वासित जीवन बिताउनुपर्‍यो।


### अब लागौं 'न्युड' सभ्यतातिर

सोच, मूल्य र असहज सत्यको गहन प्रतिबिम्ब हो, 'न्युड कला'। यो विधा पुरातन, आकर्षक र सबैभन्दा विवादास्पद कलात्मक अभिव्यक्तिमध्ये एक मानिन्छ। मानव शरीर केन्द्रमा राखेर सौन्दर्य, यथार्थ, शक्ति, यौनिकताबीच यसले जटिल सामाजिक दृष्टिकोण सामना गर्नुपर्ने हुन्छ। 'न्युड' कुनै स्थिर परिभाषामै सीमित छैन पनि। प्राचीन समय ग्रीक सभ्यताले मानव शरीरलाई सौन्दर्य र पूर्णताको प्रतीक मानेको देखिन्छ भने मध्यकालीन युरोपमा 'धार्मिक प्रभावका कारण नग्नतालाई पाप र लज्जा'सँग जोडियो। पुनर्जागरणकालमा भने 'मानव शरीरलाई वैज्ञानिक, सौन्दर्यात्मक र दार्शनिक अध्ययन केन्द्र' बनाइयो। यहीँबाट 'न्युड कला'को आधार तय हुँदै आएको पाइन्छ।

ऐतिहासिक पाटो केलाउँदा यसमा तीन महत्त्वपूर्ण कलाकृति विशेष उल्लेखनीय पाइन्छन्। जसले 'न्युड कला'को विवाद र विकास स्पष्ट देखाउँछन्, तीमध्ये पहिलो हो, 'ओलम्पिया।' यसका सर्जक हुन्- एडुअर्ड मानेट। उनले १९औं शताब्दीतिर फ्रान्समा नग्न महिला पात्रलाई सीधा दर्शकतर्फ हेर्ने आत्मविश्वासी दृष्टिसहित प्रस्तुत गरे। यसबाट तत्कालीन समाजलाई गहिरो असहजतामा पुर्‍यायो। त्यसअघि 'न्युड चित्र' देवीदेवता वा पौराणिक कथामै सीमित थियो। तर, यहाँ पहिलोपटक वास्तविक सामाजिक सन्दर्भमा आधारित महिला पात्रलाई यथार्थपरक देखाइएको थियो। जसका कारण परम्परागत सौन्दर्य र नैतिकताको धारणा तोडिएको महसुस गरियो।

अर्को महत्त्वपूर्ण कृति 'द ओरिजिन अफ द वर्ल्ड' हो। यसका सर्जक हुन्- गुस्ताभ कोर्बेट। उनले आफ्नो कलामा 'यथार्थवाद चरम सीमासम्म पुर्‍याउँदै मानव शरीरको अत्यन्त निजी र संवेदनशील भागलाई बिना कुनै प्रतीक वा आवरण'मा प्रस्तुत गरे। यो कलाले समाजलाई झनै ठूलो असहज बनायो। त्यससमय यौनिकता पूर्णरूपमा निजी र निषेधित विषय मानिन्थ्यो। यस्तो परिवेशमा सिर्जित कला अझ बढी चुनौतीपूर्ण सत्यजस्तो लाग्यो, जसका कारण यो कृतिलाई लामो समयसम्म सार्वजनिक प्रदर्शनबाट लुकाइएको थियो।

फरक समय, फरक भूगोल र फरक सांस्कृतिक सन्दर्भका 'न्युड कला विवाद' खुलारूपमा आजपर्यन्त समाजका लागि पाच्य बन्न सकिरहेको छैन। यो कला शरीरकै प्रस्तुतिमात्र नभई समाजको सोच, डर, मूल्य र शक्ति संरचनासँग गहिरोरूपमा जोडिएको छ। परम्परागत सौन्दर्यको सीमाबाहिर र यथार्थलाई बिनाआवरण देखाएकै कारण समाज स्वाभाविकरूपमा असहज बन्छ र विवाद उत्पन्न हुन्छ। अझ यसमा धार्मिक प्रतीकका सवालसमेत जोडिएपछि समाजमा अझ बढी केन्द्रीकृत हुन्छ। यद्यपि, समयसँगै जुन कृति एक समय अश्लील, अनैतिक वा अस्वीकार्य मानिएका थिए, ती नै पछि आधुनिक कलाका आधारशिला बनेका छन्। 'कला स्थिर हुँदैन, समाजको दृष्टिकोण परिवर्तनशील हुन्छ र यो परिवर्तनले नै कलाको मूल्य पुनर्निर्धारण गर्छ' भन्ने यहीँबाट पनि प्रस्ट हुन्छ।



**एक भारतीय कलाकारद्वारा अमूर्त शैलीमा सिर्जित कलात्मक नग्न कला। सांकेतिक रूपमा प्रस्तुत चित्रबारे यस लेखमा कतै पनि उल्लेख गरिएको छैन।**

त्यसो त, 'न्युड कला' आफैंमा विवादित विषय भने होइन। समाजिक दृष्टिकोण, बुझाइमा भिन्नता र यसका सीमा निर्धारणकै कारण 'न्युड'ले विवादको घेरा छुन पुग्छ। कलालाई समाजले लुकाउन खोजेको सत्य, असहजता र प्रश्नका प्रतिबिम्बका रूपमा बुझ्न जरुरी छ। प्रश्न 'न्युड कला सही वा गलत ?' होइन, त्यसलाई बुझ्ने क्षमतामा भर पर्छ। सन् १८६५ मा फ्रान्सेली कलाकार एडुअर्ड मानेटकृत 'ओलम्पिया' चित्रले 'न्युड कला' इतिहासमा गहिरो बहस र विवाद उत्पन्न गर्‍यो। यो चित्र पेरिसको प्रतिष्ठित 'क्बयिल' प्रदर्शनीमा सार्वजनिक भएपछि तीव्र दर्शक प्रतिक्रिया ओइरियो। विवाद यति चर्कियो कि प्रहरी नै परिचालन गर्नुपर्‍यो। 'कला सौन्दर्यको विषयमात्र नभई समाजको मानसिकता र मूल्यसँग पनि सिधैं जोडिएको हुन्छ' भन्ने यही घटनाबाट पनि प्रस्ट हुन्छ।

### के थियो 'ओलम्पिया'मा ?

'ओलम्पिया' चित्रमा एउटी नग्न महिला ओछ्यानमा पल्टिएको अवस्थामा देखिन्छिन्। उनका नजर सिधैं दर्शकतर्फ सोझिएका छन्। उनको साथमा एक दासीले फूलको गुच्छा ल्याइरहेको देखिन्छिन्, जसलाई धेरैले सम्भावित ग्राहकको उपहारका रूपमा व्याख्या गरेका छन्। यस चित्रको सबैभन्दा उल्लेखनीय पक्ष 'महिलाको आत्मविश्वासी र निर्भिक दृष्टि' हो। जसले दर्शकलाई निष्क्रिय हेर्ने व्यक्तिको सट्टा सक्रियरूपमा चुनौती दिएको अनुभूत गराउँछ।

चित्रले विवाद निम्त्याउनुको प्रमुख कारण 'यथार्थवादी' प्रस्तुति नै थियो। त्यतिबेला प्रचलित नग्न चित्रमा महिलालाई प्रायः 'देवी वा पौराणिक' पात्रका रूपमा क्यानभासमा उतारिन्थ्यो। तर, कलाकार मानेटले 'ओलम्पिया'मा वास्तविक सम्भावितरूपमा वेश्याको जीवनसँग जोडिएको पात्र प्रस्तुत गरेका थिए। यसले दर्शकलाई असहज बनायो। 'यो कला नग्नता कुनै दिव्य सौन्दर्यको प्रतीक नभई समाजको वास्तविकता झल्काउने माध्यम भएको' ललित कलाकार मानेटले बताएका थिए।

चित्रमा देखिएको अर्को महत्त्वपूर्ण पक्ष हो, 'दृष्टि'। परम्परागत चित्रमा महिला पात्रलाई प्रायः लजालु, निष्क्रिय वा अवलोकन वस्तुका रूपमा प्रस्तुत गरिन्थे। तर 'ओलम्पिया'मा महिला आफैं निस्फिक्री दर्शकतिर हेरिरहेकी छन्, जसबाट अवस्था ठ्याक्कै उल्टिएको देखिन्छ। चित्रले दर्शकलाई हेर्ने पक्षमात्रै होइन, 'किन हेरेको ?' भन्ने प्रश्नकर्तासमेत बनाएको छ। यो चित्रमा रहेका सा-साना संकेतका रूपमा घाँटीको रिबन, हातको मुद्रा र फूलले यौन उत्कर्षता स्पष्ट झल्काइएका छन्। यी पक्षले चित्र सौन्दर्यसँगै सामाजिक यथार्थपरक बनेको छ। यही कारण पनि यसलाई 'अश्लील, अनैतिक र कलाको मान्यताविपरीत' भन्दै आलोचना गरिएको थियो।

यो विवादका समय १९औं शताब्दीको पेरिस तीव्र सहरीकरण र औद्योगिक परिवर्तनको दौरमा थियो। वेश्यावृत्ति व्यापक भए पनि त्यसबारे खुलारूपमा कुरा गरिँदैनथ्यो। कलाकार कलाकार एडुअर्ड मानेटले यही 'लुकेको यथार्थ' क्यानभासमा उतारेका थिए। यही कारण पनि उनको चित्र 'ओलम्पिया'ले कलात्मकसँगै सामाजिक र नैतिक बहससमेत उत्कर्षमा पुर्‍यायो। जुन चित्रलाई एक समय 'अश्लील र अस्वीकार्य' मानिएको थियो, आज त्यही 'ओलम्पिया' आधुनिक कलाको आधारशिला मानिन्छ। यसले नारीवादी दृष्टिकोणबाट पनि नयाँ अर्थ पाएको छ, जहाँ महिला पात्रलाई वस्तु नभई आत्मचेतनशील व्यक्तिका रूपमा बुझिन्छ। 'न्युड कला' विवादास्पद तब बन्छ, जब त्यहाँ शरीर होइन, समाजको लुकेको सत्य हुन्छ।

*(लेखकको यो निजी विचार हो)*

## पाठक मञ्च

लेख-रचना-प्रतिक्रियाका लागि इमेल गर्नुहोस् : bicharrajdhani@gmail.com

### उत्तरदायी पारदर्शिताको जरुरी

गृहमन्त्री सुधन गुरुङसँग सम्बन्धित भनेर बाहिर आएको समाचारले आमनागरिकमा गम्भीर चासो र बहस उत्पन्न गरेको छ। कुनै पनि लोकतान्त्रिक व्यवस्थामा गृह मन्त्रालयजस्तो संवेदनशील निकायको नेतृत्व गर्ने व्यक्ति विषयमा उठ्ने प्रश्नहरू व्यक्तिगत विषयमात्र होइनन्, ती समग्र राज्य व्यवस्थाको पारदर्शिता, जवाफदेहिता र सुशासनसँग प्रत्यक्ष जोडिन्छन्।

मैले यो विषयलाई कुनै पूर्वाग्रहसाथ होइन, एक सचेत नागरिकका रूपमा हेरेको छु। समाचारमा आएका दाबीहरू सही वा गलत के हुन् ? भन्ने सम्बन्धित निकायको निष्पक्ष छानबिनले निर्धारण गर्नुपर्छ। तर यस्ता विषयहरू बाहिर आउँदा नै राज्य संयन्त्रले छिटो, स्पष्ट र विश्वसनीयरूपमा प्रतिक्रिया दिन नसक्नु आफैंमा चिन्ताको विषय हो।

आजको डिजिटल युगमा सूचना छिटो फैलिन्छ र अफवाह तथा तथ्यबीचको दूरी पनि झनै साँघुरो भएको छ। त्यसैले सरकारका जिम्मेवार पदाधिकारी अझ बढी पारदर्शी हुन आवश्यक छ। यदि आरोपहरू आधारहीन छन् भने त्यसलाई प्रमाणसहित खण्डन गर्नु आवश्यक छ, र यदि कुनै प्रक्रियागत कमजोरी वा गल्ती भएको छ भने त्यसलाई स्वीकार गर्दै सुधारको बाटो लिनु लोकतान्त्रिक परिपक्वता हुनेछ।

गृह मन्त्रालयको भूमिकामा सुरक्षा, कानुन कार्यान्वयन र नागरिक अधिकार संरक्षण प्रमुख हुन्छ। यस्तो संवेदनशील जिम्मेवारीमा बसेको व्यक्तिबारे प्रश्न उठ्नु भनेको सम्पूर्ण प्रणालीप्रतिको विश्वासमा असर पार्न सक्छ। त्यसैले व्यक्तिगत बचाउ वा राजनीतिक प्रतिक्रिया मात्र पर्याप्त हुँदैन। म नागरिकका रूपमा आग्रह गर्न चाहन्छु कि यस्ता विषयलाई राजनीतिक रङ नदिई स्वतन्त्र छानबिन आयोग वा सक्षम निकायमार्फत सत्य तथ्य सार्वजनिक गरियोस्। जनताको विश्वास पुनःस्थापित गर्न यही एकमात्र प्रभावकारी बाटो हो। म कुनै निष्कर्ष निकाल्न चाहन्नँ, तर यति भन्न चाहन्छु कि लोकतन्त्रको शक्ति प्रश्न उठ्नसक्ने स्वतन्त्रतामा मात्र होइन, ती प्रश्नको उत्तर समयमै, स्पष्ट र प्रमाणसहित दिनसक्ने क्षमतामा पनि निर्भर हुन्छ।

▪ **संजोग राई**
चाबहिल, गणेशथान, काठमाडौं

### यस्तो निर्णय गर्नुअघि व्यापक परामर्श आवश्यक छ

सरकारी कर्मचारीलाई पन्ध्र दिनमै तलब-भत्ता उपलब्ध गराउने निर्णय सार्वजनिक भएपछि यसबारे विभिन्न तहमा बहस सुरु भएको छ। कतिपयले यसलाई प्रशासनिक सुधार र कर्मचारी हितमा गरिएको सकारात्मक कदमका रूपमा स्वागत गरेका छन् भने कतिपयले यसको आर्थिक तथा व्यवस्थापकीय प्रभावबारे गम्भीर प्रश्न उठाएका छन्। यस सन्दर्भमा यो निर्णयलाई सतहीरूपमा होइन, राज्यको समग्र वित्तीय प्रणाली, प्रशासनिक संरचना र सामाजिक न्यायका दृष्टिकोणबाट गहिरो विश्लेषण गर्न आवश्यक छ।

राज्यको वित्तीय व्यवस्थापन पक्षलाई हेर्दा यो निर्णयले ठूलो चुनौती खडा गर्न सक्छ। नेपालजस्तो विकासोन्मुख देशमा सरकारी राजस्व संकलन नियमित, स्थिर र पर्याप्त छैन। अधिकांश राजस्व कर, भन्सार तथा आन्तरिक आम्दानीमा निर्भर रहन्छ, जुन मासिक वा त्रैमासिक चक्रमा संकलन हुन्छ। यस्तो अवस्थामा तलब-भत्ता भुक्तानी चक्र आधा महिनामा झार्दा नगद प्रवाहमा असन्तुलन आउन सक्छ। यसले सरकारलाई आन्तरिक ऋण वा अन्य अस्थायी वित्तीय स्रोतमा निर्भर गराउन सक्छ, जसले दीर्घकालीनरूपमा सार्वजनिक ऋणको बोझ बढाउने सम्भावना रहन्छ।

त्यस्तै, प्रशासनिक संरचना र कार्यप्रणालीको दृष्टिकोणले पनि यो निर्णय सहज छैन। हालको सरकारी लेखाप्रणाली, बजेट निकासा प्रक्रिया र बैंकिङ समन्वय मुख्यरूपमा मासिक आधारमा सञ्चालन हुन्छ। यसलाई पन्ध्र-पन्ध्र दिनमा रूपान्तरण गर्न प्राविधिक सुधार, डिजिटल प्रणाली सुदृढीकरण, अतिरिक्त जनशक्ति व्यवस्थापन र स्पष्ट कार्यविधि आवश्यक पर्छ। यदि यी तयारीबिना नै निर्णय कार्यान्वयन गरियो भने लेखा त्रुटि, ढिलाइ, दोहोरो भुक्तानी वा अनियमितताजस्ता समस्या बढ्ने सम्भावना रहन्छन्। यसले सुशासन सुदृढ गर्नुको सट्टा प्रशासनिक जटिलता थप्न सक्छ।

यसैगरी, यो निर्णयले कर्मचारीको कार्यसम्पादन र उत्पादकत्वमा कस्तो प्रभाव पार्छ ? भन्ने विषयमा पनि स्पष्ट प्रमाण छैन। तलब समयमै वा छिटो पाउनु कर्मचारीको आर्थिक सहजतासँग सम्बन्धित विषय हो, तर कार्यक्षमता वृद्धि भनेको धेरै गहिरो संरचनागत विषय हो। यसका लागि स्पष्ट कार्यसम्पादन मूल्यांकन प्रणाली, जवाफदेहिता, अनुशासन, प्रविधिमैत्री सेवा प्रणाली र परिणाममुखी कार्यसंस्कृति आवश्यक हुन्छ। भुक्तानी चक्र परिवर्तन गरेरमात्र सार्वजनिक सेवा प्रभावकारी हुन्छ भन्ने पर्याप्त देखिँदैन।

सरकारी कर्मचारीले स्थायी रोजगारी, नियमित तलब, भत्ता तथा अन्य सुविधा पाउने अवस्थामा छन्, जबकि निजी क्षेत्रका धेरै श्रमिक अझै पनि ढिलो तलब, अस्थिर रोजगार र न्यून सुरक्षा भोगिरहेका छन्।

यस्तो अवस्थामा सरकारी कर्मचारीलाई मात्र विशेष सुविधा दिने निर्णयले समाजमा असमानताको भावना बढाउन सक्छ। यसले दीर्घकालीनरूपमा श्रम सम्बन्ध र सामाजिक सन्तुलनमा असर पार्ने जोखिम रहन्छ। यस निर्णयको दीर्घकालीन प्रभाव मूल्यांकन पनि अपर्याप्त देखिन्छ। कुनै पनि नीतिगत परिवर्तन तत्कालीन लोकप्रियता वा प्रशासनिक सजिलोका आधारमा होइन, दीर्घकालीन आर्थिक स्थायित्व, कार्यक्षमता र सामाजिक प्रभावलाई ध्यानमा राखेर हुनुपर्छ।

यदि सरकार कर्मचारीको आर्थिक दबाब घटाउन चाहन्छ भने तलब संरचना पुनरावलोकन, महँगी भत्ता समायोजन, आवास तथा स्वास्थ्य सुविधामा सुधार, वा कर प्रणालीमा सुधारजस्ता विकल्प अझ प्रभावकारी हुन सक्छन्।

▪ **सन्तोषकुमार कुसवाह**
विराटनगर

### निष्पक्षतामाथि प्रश्न

गृहमन्त्री सुधन गुरुङसँग जोडिएर हालै सार्वजनिक भएका समाचार तथा आरोपहरूबारे विभिन्न कोणबाट टिप्पणी भइरहेका छन्। एक कानुनी पृष्ठभूमि भएको नागरिकका रूपमा यस विषयलाई भावनात्मक वा राजनीतिक दृष्टिले होइन, विधिको शासनको दृष्टिकोणबाट हेर्न आवश्यक छ।

कुनै पनि व्यक्तिमाथि आरोप लाग्नु र त्यसको आधारमा जनमत बन्न थाल्नु स्वाभाविक प्रक्रिया हो, तर लोकतान्त्रिक राज्यमा दोषी वा निर्दोष ठहर गर्ने अधिकार न्यायिक वा कानुनी प्रक्रियालाई हुन्छ। त्यसैले प्रारम्भिक चरणमै कसैलाई दोषी ठहर गर्नु वा पूर्णरूपमा सफाइ दिनु दुवै अनुचित हुन्छ।

यस्ता संवेदनशील विषयमा तीन कुरा अत्यन्त महत्वपूर्ण हुन्छन्- प्रमाण, प्रक्रिया र निष्पक्षता। यदि समाचारमा आएका दाबीहरू सत्य हुन् भने त्यसको प्रमाणिक आधार सार्वजनिक हुनुपर्छ। यदि होइनन् भने गलत सूचना फैलाउने माध्यम र स्रोतबारे पनि स्पष्टता आवश्यक हुन्छ। गृह मन्त्रालयसँग सम्बन्धित विषय भएकाले सुरक्षा निकायहरूको संलग्नता वा प्रशासनिक निर्णयमा प्रश्न उठ्नु सामान्य हो। तर, त्यस्ता प्रश्नहरूको जवाफ पनि संस्थागत ढंगले आउनुपर्छ, व्यक्तिगत स्पष्टीकरणमात्र पर्याप्त हुँदैन।

अर्को महत्वपूर्ण पक्ष भनेको मिडियाको भूमिका हो। पत्रकारिताले प्रश्न उठाउनु स्वाभाविक हो, तर बिना पुष्टि गरिएका तथ्यलाई सनसनीपूर्ण ढंगले प्रस्तुत गर्दा न्यायिक प्रक्रियामा प्रभाव पर्न सक्छ। त्यसैले मिडियाले पनि आत्मनियमन अभ्यास गर्न आवश्यक छ। जनताको सुझाव के छ भने यदि गम्भीर आरोपहरू उठेका छन् भने स्वतन्त्र छानबिन समिति गठन गरियोस्, जसमा कानुनी विज्ञ, मानव अधिकारकर्मी र निष्पक्ष प्रशासनिक प्रतिनिधिहरू समावेश गरियोस्। यसले मात्र जनविश्वास कायम राख्न सक्छ। लोकतन्त्रमा व्यक्ति होइन, प्रणाली बलियो हुनुपर्छ। व्यक्ति बदलिन सक्छ, तर विधिको शासन स्थायी हुनुपर्छ। यही सिद्धान्तले मात्र यस्ता विवादहरूलाई दीर्घकालीन समाधान दिन सक्छ।

▪ **मनोजकुमार श्रेष्ठ**
धादिङ

### राजनीतिक संस्कार अभाव

गृहमन्त्री सुधन गुरुङबारे सार्वजनिक भएको समाचारले वर्तमान पुस्तामा गहिरो छलफल उत्पन्न गराएका छन्। हामी युवाले राजनीतिक समाचारमा पढ्ने विषय होइन, हाम्रो भविष्य निर्धारण गर्ने शक्तिशाली प्रणालीका रूपमा हेर्छौं। त्यसैले यस्ता घटनाले हामीमा निराशा र आशा दुवै उत्पन्न गराउँछन्। एकातिर, यदि राज्यका उच्च पदाधिकारीमाथि गम्भीर प्रश्न उठ्छ भने त्यसले प्रणालीमा अझ बढी पारदर्शिता ल्याउने अवसर दिनसक्छ। अर्कोतिर यस्ता विषय बारम्बार विवादका रूपमा आउँदा राजनीतिप्रति विश्वास घट्दै जान्छ, जसले युवापुस्तालाई टाढा पुर्‍याउन सक्छ। समाचारमा आएका दाबीबारे हामीसँग पूर्णसत्य जानकारी छैन। तर, सामाजिक सञ्जाल र मिडियामा हुने तीव्र बहसले विषयलाई अझ जटिल बनाइदिएको छ। कहिलेकाहीँ सत्यभन्दा धारणा बलियो हुन्छ र यही सबैभन्दा ठूलो समस्या हो।

युवा राजनीतिमा उत्तरदायित्व संस्कृति बलियो होस् भन्ने चाहन्छ। यदि कुनै मन्त्री वा उच्च अधिकारीमाथि प्रश्न उठ्छ भने त्यसलाई दबाउने होइन, खुलारूपमा जवाफ दिने परिपाटी बसोस्। यसले मात्र नयाँ पुस्तालाई राजनीतिमा सहभागी हुन प्रेरित गर्छ। अर्कोतर्फ, हामीले पनि सूचना उपभोग गर्दा जिम्मेवार हुनुपर्छ। हरेक समाचारलाई सत्य मानेर प्रतिक्रिया दिने प्रवृत्तिले गलत धारणा फैलिन सक्छ। त्यसैले आलोचनात्मक सोच आवश्यक छ। यदि आरोप गलत हुन् भने स्पष्ट रूपमा प्रमाणसहित खण्डन गरियोस् र यदि कुनै कमजोरी छ भने त्यसलाई स्वीकार गरेर सुधारको बाटो खोलियोस्। दुवै अवस्थामा पारदर्शिता नै समाधान हो।

यो घटना व्यक्तिको विषयाको मात्र होइन, हाम्रो राजनीतिक संस्कृतिको परीक्षण हो। हामी कस्तो प्रणाली चाहन्छौं- प्रश्नबाट भाग्ने वा प्रश्नको सामना गर्ने ? यो नै मुख्य प्रश्न हो।

▪ **विनय बस्तेत**
लुभु, ललितपुर

# अमेरिकामा आफ्नै ७ सन्तानसहित ८ बालबालिकाको गोली हानी हत्या

एजेन्सी

श्रेभपोर्ट, ७ वैशाख



संयुक्त राज्य अमेरिकाको लुइसियानामा आइतबार बिहान भएको भयावह घरेलु हिंसाको घटनाले सिंगो समुदायलाई स्तब्ध बनाएको छ । घटनामा एक व्यक्तिले आफ्नै परिवारका अधिकांश सदस्य रहेका आठ बालबालिकालाई गोली हानेर हत्या गरेका छन् । तीन फरक-फरक घरमा फैलिएको यो हिंसा पछिल्ला दुई वर्षभन्दा बढी अवधिमा देशकै सबैभन्दा घातक सामूहिक गोलीकाण्डका रूपमा दर्ज भएको छ ।

प्रहरीका अनुसार ३१ वर्षीय शामार एल्किन्सले बिहानै तीन स्थानमा आक्रमण गरेका थिए । उनी घटनापछि कारज्याक (बलपूर्वक सवारी साधन कब्जा गर्ने) गरिएको गाडीमा भागेका थिए, तर प्रहरीले पछ्याउँदै जाँदा अन्ततः उनीमाथि गोली चलाएर नियन्त्रणमा लिएको थियो, जसका क्रममा उनको मृत्यु भयो ।

प्रहरी अधिकारी क्रिस बोर्डेलनका अनुसार संदिग्धले गाडीबाट बन्दुकसहित बाहिर निस्किएपछि प्रहरीलाई बल प्रयोग गर्न बाध्य बनाएको थियो ।

यस घटनामा तीनदेखि ११ वर्ष उमेर समूहका आठ बालबालिकाको ज्यान गएको क्याडो पारिश कोरोनर कार्यालयले पुष्टि गरेको छ । मृतकमध्ये तीन बालक र पाँच बालिका रहेका छन् । सात जना एकै परिवारका दाजुभाइ-दिदीबहिनी थिए भने एक जना उनीहरूको काकाका छोरा (भाइ) थिए । प्रहरीका अनुसार मारिएका आठमध्ये सात जना बालबालिका आक्रमणकारीकै सन्तान थिए ।

घटनामा दुई महिला गम्भीर घाइते भएका छन्, जसमध्ये एक जना मारिएका केही बालबालिकाकी आमा हुन् । स्थानीय सञ्चारमाध्यमका अनुसार उनीहरू दुवैको टाउकोमा गोली लागेको छ । एक महिलाले अनुहारमा गोली लागेपछि छिमेकीलाई खबर गरिन्, जसको आधारमा बिहान ५:०० देखि ५:३० बजेको बीचमा आपतकालीन सेवा ९११ मार्फत प्रहरी घटनास्थल पुगेको थियो । एएफपीका एक भिडियोग्राफरले घटनास्थलमा रहेको सानो दुईतले घरको सेतो ढोकामा पाँचवटा गोलीका प्वाल देखिएको जनाएका छन् । घर बाहिर स्थानीयवासीहरूले श्रद्धाञ्जलिस्वरूप फूलहरू राखेका थिए, जसले घटनाप्रति समुदायको पीडा झल्काउँछ ।

प्रहरीका अनुसार आक्रमणकारी दोस्रो घरमा पुगेका बेला त्यहाँ नौ बालबालिका रहेका थिए । तीमध्ये एक जना गम्भीर घाइते अवस्थामा बाँच्न सफल भएका छन् र अस्पतालमा उपचार भइरहेको छ । अनुसन्धान अधिकारीहरूले घटनाको कारण अझै स्पष्ट नभएको र तीनै स्थानबाट प्रमाण संकलन कार्य जारी रहेको बताएका छन् । प्रारम्भिक रूपमा यो घटना घरेलु विवादसँग सम्बन्धित रहेको अनुमान गरिएको छ ।

मृतक बालबालिकाको पहिचान जीवित रहेका उनीहरूका आमाले गरेका छन् । तीमध्ये जयला एल्किन्स (३), सायला एल्किन्स (५), कायला पुघ (६), लैला पुघ (७), मार्केडन पुघ (१०), सरियाह स्नो (११), खेदेरियन स्नो (६) र ब्रेलोन स्नो (५) रहेका छन् ।

प्रहरी अभिलेखअनुसार एल्किन्सलाई सन् २०१९ मा बन्दुकसम्बन्धी मुद्दामा पक्राउ गरिएको थियो र उनले दोष स्वीकार गरेका थिए । तर यसअघि घरेलु हिंसासम्बन्धी कुनै स्पष्ट रेकर्ड नरहेको जनाइएको छ ।स्थानीय मेयर टम आर्सेनक्सले घटनालाई अत्यन्त पीडादायी र भयावह भन्दै बालबालिका नै निशाना बन्नु अत्यन्त दुःखद रहेको बताए । उनले समाजमा अझै पनि हिंसात्मक प्रवृत्ति विद्यमान रहेको उल्लेख गर्दै त्यसविरुद्ध सबैले मिलेर संघर्ष गर्नुपर्ने आवश्यकता औंल्याए ।

घटनास्थल नजिकै बस्ने ७२ वर्षीय फ्रेडी मोन्टगोमेरीले अघिल्लो दिनसम्म ती बालबालिका आँगनमा खेलिरहेको दृश्य सम्झँदै अचानक यस्तो घटना भएकोमा आफू स्तब्ध भएको बताए । उनले आइतबार बिहान प्रहरीलाई घरबाट शव निकाल्दै गरेको देखेको बताउनुभयो ।

राजनीतिक नेतृत्वबाट पनि घटनाप्रति गहिरो दुःख व्यक्त गरिएको छ । लुइसियानाका सिनेटर बिल क्यासिडीले यसलाई 'भयानक हिंसा' भन्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे । गभर्नर जेफ ल्यान्ड्रीले आफू हृदयविदारक अवस्थामा पुगेको बताए भने प्रतिनिधिसभाका सभामुख माइक जोनसनले यसलाई 'निरर्थक त्रासदी' का रूपमा टिप्पणी गरे । मेयर आर्सेनक्सले पत्रकार सम्मेलनमा भने, 'यो श्रेभपोर्टका लागि अत्यन्त दुःखद बिहान हो र हामी सबै पीडित परिवारसँग शोकमा सहभागी छौं ।'

बन्दुकको पहुँच व्यापक रहेको अमेरिकामा यस्ता हिंसात्मक घटनाहरू बारम्बार दोहोरिने गरेका छन् । विकसित राष्ट्रहरूमध्ये बन्दुकसम्बन्धी मृत्यु दर सबैभन्दा उच्च रहनु पनि यस घटनाले पुनः उजागर गरेको छ ।



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना ८ गते मंगलबार)

यस विकास बैंकको शाखा विभिन्न कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : धरान शाखा**

| ऋणीको विवरण |
| --- |
| खटर मियाको नाति सतार मियाको छोरा सुनसरी जिल्ला हरिपुर गा.वि.स. वडा नं. ८ हाल, इटहरी उ.म.न.पा. वडा नं. ८ बस्ने **मो. समिर आलम** (ना.प्र.नं. : ०६-०१-६९-०६९७९ जारी मिति र जिल्ला : २०६९/०६/२९, सुनसरी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) खटर मियाको नाति सतार मियाको छोरा सुनसरी जिल्ला हरिपुर गा.वि.स. वडा नं. ८ हाल, इटहरी उ.म.न.पा. वडा नं. ८ बस्ने **मो.अतिउल्ला** (ना.प्र.नं. : ०६-०१-७२-०९८६७ जारी मिति र जिल्ला : २०७२/११/१२, सुनसरी) |
| २) जितमान चौधरीको नातिनी राज कुमार चौधरीको छोरी सुनसरी जिल्ला इटहरी गा.वि.स. वडा नं. ४ हाल, इटहरी न.पा. वडा नं. ४ बस्ने **सरिता चौधरी** (ना.प्र.नं. : ०६-०१-७१-०२७८४ जारी मिति र जिल्ला : २०७१/०३/११, सुनसरी) |
| ३) विर बहादुर राईको नाति महाविर राईको छोरा भोजपुर जिल्ला ठुलोदुम्मा वडा नं. १ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १५ बस्ने **नविन राई** (ना.प्र.नं. : ४४१४ जारी मिति र जिल्ला : २०६१/०८/०९, भोजपुर) |

**२) शाखा कार्यालय : नेपालगंज शाखा**

| ऋणीको विवरण |
| --- |
| रामचरण थारुको नाति ललिराम थारुको छोरा बर्दिया जिल्ला बाँसगढी न.पा. वडा नं. ७ हाल, वडा नं. ४ बस्ने **निखिल थारु** (ना.प्र.नं. : ६५-०६-७७-००५४७ जारी मिति र जिल्ला : २०७७/०७/१७, बर्दिया) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) ठग्गर थारुको नाति रामचरण थारुको छोरा बर्दिया जिल्ला डेउढाकला वडा नं. ६ हाल, बाँसगढी न.पा. वडा नं. ४ बस्ने **ललिराम थारु** (ना.प्र.नं. : ६५३०१५/११२० जारी मिति र जिल्ला : २०६३/११/०९, बर्दिया) |
| २) रामचरण थारुको बुहारी ललिराम थारुको पत्नी बर्दिया जिल्ला डेउढाकला वडा नं. ६ हाल, बाँसगढी न.पा. वडा नं. ४ बस्ने **सुक्कनी थारु** (ना.प्र.नं. : ६५३०१५/१२७९ जारी मिति र जिल्ला : २०६३/११/१०, बर्दिया) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# मध्यपूर्वमा तनावमै तनाव

■ ट्रम्पले आफ्ना वार्ताकारलाई पाकिस्तान जान निर्देशन दिइसक्दा पनि इरान अनिच्छुक

एजेन्सी

वासिङ्टन, ७ वैशाख

मध्यपूर्वमा जारी तनाव र युद्धविरामको समयसीमा नजिकिँदै गर्दा इरानले हाल संयुक्त राज्य अमेरिकासँगको वार्तामा भाग लिने कुनै योजना नभएको स्पष्ट पारेको छ । यो घोषणा यस्तो समयमा आएको छ जतिबेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना वार्ताकारहरूलाई सोमबार पाकिस्तान जान निर्देशन दिइसकेका छन् र कूटनीतिक प्रयास तीव्र पारिएको छ ।

इरानी राज्य सञ्चारमाध्यमका अनुसार वर्तमान परिस्थितिमा अमेरिका-इरान वार्ताको अर्को चरणमा सहभागी हुने कुनै तयारी छैन । इरानका अनुसार अमेरिकी नौसैनिक नाकाबन्दी र हालैका घटनाहरूले वार्ताको वातावरणलाई नकारात्मक बनाएको छ । तनाव थप चर्किने क्रममा आइतबार एक अमेरिकी नौसेनाको युद्धपोतले इरानी झण्डा बोकेको एक मालवाहक जहाजमाथि गोली प्रहार गरी नियन्त्रणमा लिएको अमेरिकी पक्षले जनाएको छ । राष्ट्रपति ट्रम्पले सो जहाजले अमेरिकी नौसैनिक अवरोध पार गर्न खोजेको आरोप लगाउँदै जहाज कब्जा गरिएको बताए । उनका अनुसार अहिले अमेरिकी मरीनहरूले सो जहाज नियन्त्रणमा लिएका छन् ।

यस घटनापछि इरानले अमेरिकी सैन्य जहाजहरूतर्फ ड्रोन पठाएको दाबी गरिएको छ । इरानी समाचार एजेन्सी तस्नीमका अनुसार यो कदम अमेरिकी कारबाहीको प्रतिवादस्वरूप गरिएको हो । साथै, इरानले बदला लिने चेतावनीसमेत दिएको छ ।

इरानी राज्य प्रसारणकर्ता आईआरआईबीले सरकारी स्रोत उद्धृत गर्दै हालका अवस्थामा वार्तामा सहभागी हुने कुनै योजना नभएको जनाएको छ । फार्स र तस्नीम समाचार एजेन्सीहरूले समेत अमेरिकी नाकाबन्दी हटाउनु नै वार्ताका लागि पूर्वशर्त भएको उल्लेख गरेका छन् । उनीहरूका अनुसार वर्तमान वातावरण 'वार्ताका लागि अनुकूल छैन' ।

इरानको आधिकारिक समाचार संस्था आईआरएनएले पनि अमेरिकी नाकाबन्दी र 'अनुचित तथा अवास्तविक मागहरू' का कारण फलदायी वार्ताको सम्भावना कमजोर रहेको जनाएको छ । यो तनाव फेब्रुअरी २८ मा इरानमाथि भएको अमेरिकी-इजरायली आक्रमणपछि सुरु भएको द्वन्द्वसँग जोडिएको छ, जसले मध्यपूर्वमा ठूलो स्तरको युद्ध रोकिएको भए पनि अस्थिरता कायम राखेको छ । हाल लागू दुई हप्ते युद्धविरामको समयसीमा समाप्त हुन केही दिन मात्र बाँकी छ । यसबीच, इरान र अमेरिका बीचको पछिल्लो वार्ता अप्रिल ११ मा इस्लामाबादमा भएको थियो, जुन २१ घण्टा लामो भए पनि कुनै निष्कर्षमा पुग्न सकेको थिएन । यद्यपि, त्यसपछि नयाँ संवादका लागि आधार तयार पार्ने प्रयासहरू जारी रहेका छन् ।

राष्ट्रपति ट्रम्पले वार्ताबारे आशावादी देखिँदै इरानलाई 'न्यायसंगत सम्झौता' स्वीकार गर्न आग्रह गरेका छन् । उनले सम्झौता नभए इरानको पूर्वाधारमाथि थप दबाब दिने चेतावनी दोहोऱ्याएका छन् ।

तनाव थप गहिरिँदै जाँदा महत्वपूर्ण जलमार्ग होर्मुजको स्ट्रेट पनि विवादको केन्द्र बनेको छ । इरानले युद्धको सुरुमा यस मार्ग आंशिक रूपमा बन्द गरेको थियो भने पछि केही समयका लागि खोलिएको भए पनि अमेरिकी नाकाबन्दी जारी रहेपछि पुनः बन्द गरिएको थियो । यो जलमार्ग विश्वको करिब पाँचौं हिस्सा तेल र प्राकृतिक ग्यास ढुवानी हुने प्रमुख मार्ग हो । यसको अवरोधले अन्तर्राष्ट्रिय ऊर्जा आपूर्ति र विश्व अर्थतन्त्रमा असर परेको बताइएको छ ।

अमेरिकी पक्षले इरानी तेल राजस्व घटाउने उद्देश्यले इरानी बन्दरगाहहरूमा नौसैनिक नाकाबन्दी लागू गरेको छ । आइतबार भएको घटनामा राष्ट्रपति ट्रम्पले अमेरिकी नौसेनाले चेतावनीपछि इरानी जहाजलाई नियन्त्रणमा लिएको दाबी गरे ।

इरानले भने यसलाई 'समुद्री डकैती' भन्दै कडा प्रतिक्रिया जनाएको छ । इस्लामिक रिभोलुसनरी गाड्र्सले बिना अनुमति जलमार्ग पार गर्ने कुनै पनि जहाजलाई लक्षित गरिने चेतावनी दिएको छ । यसैबीच, पाकिस्तानमा हुने भनिएको वार्तालाई लिएर इस्लामाबादमा उच्च सुरक्षा व्यवस्था मिलाइएको छ ।



**Nisikhola Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Devisthan, Baglung**
**Gandaki Province, Nepal**

## Invitation for Bids

**First Publication Date: 2083/01/08 (B.S.)**

Nisikhola Rural Municipality has allocated fund towards the procurement of below mentioned contracts. Bidding is open to all registered & eligible Nepalese Bidders.

| S. N. | Contract No. | Description of Works | Estimated Amount Inclusive of VAT | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) |
| --- | --- | --- | --- | --- | --- | --- |
| 1 | 08/SQ/GOODS/ NRM/2082-83 | Procurement of Supply & Delivery of Live Male Sheep (Thuma) | 15,00,000.00 | 40,500.00 | 45+30 Days | 1000.00 |
| 2 | 09/SQ/GOODS/ NRM/2082-83 | Procurement of Supply & Delivery of Veterinary Medicine | 11,99,200.00 | 32,000.00 | 45+30 Days | 1000.00 |

1. Bidding will be conducted through the national competitive bidding procedures specified in the Public Procurement Act 2063 and regulation 2064.
2. Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp for further Information or may Contact Nisikhola Rural Municipality, Office of the Rural Municipal Executive Devisthan, Baglung. Mobile: 9857676976, Email: ito.nisikholamun@gmail.com
3. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**


पृष्ठ १ बाट क्रमश:

## कारबाहीमा...

त्यस्तै, पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीलाई पनि जिल्लास्थित कारागार, भन्सार कार्यालय र अदालतहरू बचाउन सफल भएकोले पुरस्कृत गर्न सिफारिस गरिएको थियो । प्रहरी वृत्त महाराजगन्जमा उद्धारमा संलग्न नेपाली सेनाको हेलिकोप्टर टोलीलाई पनि आगोले घेरिएको छतबाट प्रहरीले उद्धार गरेको भन्दै उक्त टोलीलाई पुरस्कृत गर्नुपर्ने जनाएको थियो । प्रहरी हवलदार निरजकुमार सिंह, प्रहरी जवान मानबहादुर चन्द कुटपिटमा परी गम्भीर घाइते हुँदासमेत कर्तव्य पालनाकै क्रममा रहेकाले सम्बन्धित निकायले प्रोत्साहन गर्नुपर्ने आयोगको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले मृत्यु भएका प्रहरी कर्मचारी, गम्भीर घाइते भएका तथा साहसी कार्य गर्ने कर्मचारीलाई उचित क्षतिपूर्ति, एक तह बढुवा वा नगद पुरस्कारको सिफारिस गरे पनि मृतकका हकमा बाहेक कार्यान्वयन नभएको अवस्था छ । प्रतिवेदन कार्यान्वयनका क्रममा साहसी काम गर्नेहरूलाई सम्मान गर्ने निकायको रूपमा रहेको गृह मन्त्रालयले दोषीलाई नछोड्ने नीति लिए पनि सम्मान गर्नु भनी सिफारिस भएकाप्रति अनभिज्ञ जस्तै बसेको छ । सरकारले तत्काल उपचारको व्यवस्था बाहेक कर्मचारीलाई राष्ट्रसेवाको भावना जागृत हुने गरी कुनै काम नभएको पाइएको छ ।

## रास्वपामा...

रास्वपा विधानमा पार्टीको सचिवालय गठन पार्टी सभापतिले आफू सहित निर्वाचित पदाधिकारीहरू, कोषाध्यक्ष, प्रवक्ता र बाँकी सदस्यहरू केन्द्रीय समितिबाट सभापतिले मनोनीत गरी २५ जनासम्मको सचिवालय गठन गरी केन्द्रीय समितिलाई जानकारी दिनुपर्ने उल्लेख गरिएको छ ।

## गृहमन्त्रीबारे...

अहिलेका लागि यसलाई प्रस्तावका रूपमा भन्दा पनि छलफल बाँकी नै छ भन्नेमा लिऔं, यसमा प्रश्न उठाउन नपाइने भन्ने होइन, नेताहरूसँग सुझबुझ, प्रक्रिया र यसअघि गरिएका नजिर पनि छ,' प्रवक्ता झाले भने, 'हिजो (आइतबार) नै पार्टी सभापतिले अहिले नै मूल्यांकन गरेर निष्कर्षमा पुग्ने समय आएको छैन है भनेर बोल्नुभएको छ । हरेक निर्णय बैठकमै आउनुपर्छ भन्ने होइन । आजको प्रस्तावित एजेन्डा नै थिएन । त्यस विषयमा छलफल पनि भएको छैन ।'



**साकेला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मानेभन्ज्याङ, खोटाङ

## बोलपत्र आह्वान सम्बन्धी सूचना ।

दोश्रो पटक प्रकाशित मिति: २०८३/०१/०८

यस गाउँपालिकाद्वारा तपसिल अनुसारको मालसामान खरिद राष्ट्रियस्तरको खुल्ला बोलपत्र खरिद प्रक्रिया eGP को माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिन्छ । यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेब साईट www.sakelamun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**खरिद सम्बन्धी विवरण**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | लागत अनुमान रकम रु. (भ्याट बाहेक) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र मान्य अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| १ | SRMUN/NCB/ ICT/082/083/08 | Supply and Delivery of ICT Equipment for Digital Education Development and Literacy Improvement Project (Package-1) | २०८३/०१/२३ दिनको १२:०० बजेसम्म | २०८३/०१/२३ दिनको १३:०० बजे | ४७२३९७९.७६ | १,३५,०००/- | ३,०००/- | ९० दिन |
| | | बैंक विवरण | बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि: Nepal SBI Bank Sakela Branch, Khotang **Name of Account:** GA 1.1 ANTARIK RAJASWA KHATA **Account No.:** 41695241207004 Office Code- 801010810, Rajaswo Sirsak No. 14229 | | | बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि: Nepal SBI Bank, Sakela Branch, Khotang **Name of Account:** SAKELA RMU GA 3.1 STHANIYA TAHA DHARAUTI KHATA **Account No.:** 41625240600003 | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# मध्यपूर्वका १२ देशमा श्रम स्वीकृति खुल्यो

राजधानी समाचारदाता
काठमाडौं, ७ वैशाख

सरकारले झन्डै दुई महिनादेखि बन्द रहेको खाडी तथा मध्यपूर्व क्षेत्रका १२ वटा देशमा श्रम स्वीकृति दिने कार्य खुला गरेको छ। गत १५ फागुनबाट सुरु भएको अमेरिका र इरानबीचको युद्धको प्रभावका कारण आफ्ना नागरिकको सुरक्षाका लागि सरकारले गत १७ फागुन २०८२ मा मध्यपूर्वका विभिन्न १२ देशमा श्रम स्वीकृति दिने काम बन्द गरेको थियो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सोमबार मन्त्रीस्तरीय निर्णय गर्दै खाडी तथा मध्यपूर्व क्षेत्र साउदी अरब, संयुक्त अरब इमिरेट्स(यूएई), कतार, कुवेत, बहराइन, ओमान, इराक, जोर्डन, लेबनान, यमन, टर्की र इजरायलको श्रम स्वीकृति खुला गरेको हो।

द्वन्द्वग्रत मुलुक इराकको श्रम स्वीकृति भने नखुलाएको स्पष्ट पार्दै मन्त्रालयको निर्देशन अहिले बन्द रहेको १२ वटा मुलुकहरूमा पुनः श्रम स्वीकृति, व्यक्तिगत र संस्थागत एवं सबै खालका श्रम खुला गरिएको वैदेशिक रोजगार विभागले जनाएको छ।

विभागले सोमबार विज्ञप्ति मार्फत यस्तो जानकारी गराएको हो। श्रम मन्त्रालयको सोही निणर्य बमोजिम यी देशहरूमा व्यक्तिगत, संस्थागत र वैधानिकीकरणसहितका काम पूर्ववत् अवस्थामा हुनेगरी खुला गरेको विभागले जनाएको छ।



परराष्ट्र मन्त्रालय अन्तर्गतको उच्चस्तरीय आपत्कालीन प्रतिकार्य कार्यदल (ईआरटी) ले खाडी तथा मध्यपूर्व देशमा श्रम स्वीकृति खुला गर्न सिफारिस गरेको थियो।

परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकत्वमा बसेको ईआरटीको बैठकले खाडी तथा मध्यपूर्व क्षेत्रका सबै श्रम गन्तव्य मुलुकहरू वैदेशिक रोजगारीका लागि खुला गर्न सिफारिस गर्ने निर्णय गरेको थियो। सोही सिफारिसको आधारमा मन्त्रालयले श्रम स्वीकृति खुला गरेको विभागले जनाएको छ।

इरान र अमेरिका युद्धका कारण खाडी तथा मध्यपूर्व क्षेत्रका विभिन्न देशहरूमा रहेका करिव साढे १७ लाख भन्दा बढी नेपाली नागरिकको सुरक्षालाई मध्यनजर गर्दै श्रम मन्त्रालयले गत १७ फागुनमा श्रम स्वीकृति, पुनः श्रम स्वीकृति दिने काम लगायत सबै सेवा स्थगनको निर्णय गरेको थियो। अहिले मध्यपूर्वमा मिसाइल एवं ड्रोन आक्रमणका घटनाहरू हुन छाडेको र विस्तारै काममा फर्किने वातावरण भएको देखिएपछि श्रम स्वीकृति दिने काम सुरु गर्ने निणर्य भएको विभागले जानकारी गराएको छ।

# अध्यागमन विभागका दुई अधिकृत हटाइए




राजधानी समाचारदाता
काठमाडौं, ७ वैशाख

अध्यागमन विभागले भिजिट भिसामा संयुक्त अरब इमिरेट्स (यूएई) जाने यात्रुको राहदानीमा काम गर्न प्रतिबन्ध लेख्ने दुई अधिकृतलाई जिम्मेवारीबाट हटाएको छ।

ती दुई अधिकृतलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन जिम्मेवारीबाट हटाएर छानबिन गरिएको विभागले जनाएको छ। उनीहरूले यूएई जान लागेका नेपालीको राहदानीमा 'इम्प्लोइमेन्ट इज स्ट्रिक्ली प्रोहिबिटेड' लेखेका थिए।

भिजिट भिसामा यूएई जाने यात्रुको राहदानीमा काम गर्न प्रतिबन्ध लेख्ने दुईजना अध्यागमन अधिकृतलाई सोमबारदेखि जिम्मेवारीबाट हटाइएको हो।

अध्यागमन विभागका प्रवक्ता टीकाराम ढकालका अनुसार दुई अध्यागमन अधिकृतलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमनको जिम्मेवारीबाट हटाइएको हो। उनीहरूलाई जिम्मेवारीबाट हटाएर छानबिन गरिएको विभागले जनाएको छ। गत चैत अन्तिम साता दुईजना कर्मचारीले यूएई जाने नेपालीको राहदानीमा 'इम्प्लोइमेन्ट इज स्ट्रिक्ट्ली प्रोहिबिटेड टिल १०/६/२०२६' 'स्ट्रिक्ट्ली प्रोहिबिटेड' लेखिएपछि सरकारले छानविन सुरु गरेको थियो। सो कार्यलाई लिएर अध्यागमन विभागले छानविन गरि आन्तरिक कारबाही हुने तथा गम्भीर ध्यानाकर्षण भएको बताएको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट यूएई जाने नेपालीको राहदानीमा यस्तो के लेखिएको ? भन्ने गुनासो आएपछि विभागले गम्भिर चासो राखेर सो कार्यबारे तत्काल छानविन सुरु गरेको थियो।

यसअघि गत बिहीबार विभागले विज्ञप्ति जारी गर्दै विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा सार्वजनिक भएका जिज्ञाशा एवं गुनासोप्रति ध्यानाकर्षण भएको जनाएको थियो।

विगत केही साता अघिदेखि अध्यागमन कर्मचारीबाट यूएई जाने नेपालीको राहदानीमा 'रोजगारी पूर्णरूपमा निषेध' भनेर लेख्ने गरेको पाइएको थियो।

सो विषयमा गम्भीर ध्यानाकर्षण भएको जनानकारी गराउँदै विभागले त्यस्ता गैरकानुनी कार्य गर्ने कर्मचारीमाथि आन्तरिक छानविन थालिएको बताएको थियो।

अध्यागमन विभागले विमानस्थलमा यात्रु आवागमन झन्झट रहित बनाउन नीतिगत सहजीकरण र अध्यागमन प्रणालीको आधुनिकीकरणमा समेत काम भइरहेको उल्लेख छ। वैदेशिक यात्रा नेपाली नागरिकका लागि केवल रहर नभई धेरैका लागि बाध्यता समेत भएको उल्लेख गर्दै विभागले यस्तो अवस्थाको दुरुपयोग गरी विभिन्न बहानामा हुने ठगी र शोषण नियन्त्रण गर्न पनि अध्यागमन प्रशासनले प्रयास गरिरहेको दाबी गरेको छ।

वैदेशिक भ्रमणमा जाँदै गरेका नेपाली नागरिकलाई विमानस्थलभित्रका कर्मचारीबाट अनावश्यक कागजात माग गर्ने र तजबिजीका आधारमा निर्णय गर्ने प्रवृत्ति नियन्त्रण गर्न संघिय सरकारको गत १३ कात्तिकको निर्णय अनुसार 'भिजिट भिसा'मा विदेश जाने नेपालीका लागि प्रस्थान प्रक्रिया सहजीकरण गरिएको विभागले स्पष्ट पारेको छ।

# कोषको योजनामा मेरो माइक्रोफाइनान्स आबद्ध



राजधानी समाचारदाता
काठमाडौं, ७ वैशाख

नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था आबद्ध भएको छ।

सोमबार सोसम्बन्धी समझदारीपत्रमा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र मेरो माइक्रोफाइनान्सका प्रमुख कार्यकारी अधिकृत रामहरि दाहालबीच हस्ताक्षर भएको हो।

६४ जिल्ला कार्यक्षेत्र रहेको यस लघुवित्तमा करिब पाँच सय कर्मचारी कार्यरत रहेका छन्।

कोषको यस योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्ने व्यवस्था रहेको बताइएको छ।

यसअन्तर्गत योगदानमा वा गैरयोगदानमा आधारित भएर संघ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्ने पनि उल्लेख गरिएको छ। सोही व्यवस्थाअनुसार सो लघुवित्त वित्तीय संस्था कोषको उपदान योजनामा आबद्ध भएको हो। यसअघि पनि कोषसँग विभिन्न लघुवित्त वित्तीय संस्था लिमिटेड आबद्ध भइसकेका छन्।

कोषले २०५५सालदेखि सुरु गरेको उपदान तथा पेन्सन योजनामा विभिन्न संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको उपदान तथा पेन्सनबापतको रकम संकलन गरी लगानी गर्ने र कर्मचारी निवृत भएपछि भुक्तानीको व्यवस्था गरिएको छ। यस योजनामा योगदानमा आधारित र गैरयोगदानमा आधारित रकम जम्मा गरी सहभागी हुन सकिने व्यवस्था छ।

# महालक्ष्मी विकास बैंकको अन्तरदेशीय क्यूआर भुक्तानी सेवा सुरु




**काठमाडौं/रास–** महालक्ष्मी विकास बैंकले आफ्नो फोनपे क्युआर मर्चेन्ट नेटवर्क मार्फत युनियनपे वालेट प्रयोगकर्ताबाट नेपालभित्रै क्युआर कोड मार्फत भुक्तानी स्वीकार गर्ने सुविधा शुरूवात गरेको छ।

यस प्रकारको सेवा युनियनपे इन्टरनेसनलसँगको सहकार्यमा फोनपेमार्फत लागू गरिएको बैंकले जनाएको छ। यस सुविधाको शुरुवातसँगै युनियनपे डिजिटल प्रयोगकर्ताले देशभर रहेका यस बैंकका क्युआर मर्चेन्टहरुमा सजिलै क्युआर स्कयान गरी भुक्तानी गर्न सक्नेछन्। विशेषगरी चीनलगायतका विभिन्न देशबाट नेपाल आउने पर्यटक यस सुविधाबाट लाभान्वित हुने अपेक्षा गरिएको छ। यसले यात्राको क्रममा नगद बोक्नु पर्ने बाध्यतालाई कम गर्नेछ। सन् २००२ मा स्थपना भएको युनियनपे विश्वका सबैभन्दा ठूला भुक्तानी सेवा प्रदायकमध्ये एक हो। जसको ९ अर्ब ६ करोड भन्दा बढी कार्डहरु जारी भएका छन् भने १ सय ८० भन्दा बढी देश तथा क्षेत्रमा यसको स्वीकृति रहेको छ।


**QATAR मा रोजगारी** | COMPANY: **AL SRAIYA SECURITY SERVICES**

Pre Approval Date: 2026/04/20 Chalani No. 60254149 LOT No. 340783 City: Qatar,. Doha

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६१,२६०/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८३/०१/१५ गते (28 April 2026) म्यानपावरको कार्यालय काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू.७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशूल्क |

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्फौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**INDO ARAB MANPOWER PVT. LTD.**
License No. 764/065/066
E-mail: ktmskyking@gmail.com / Website: www.indoarabnepal.com.np
Jawalakhel-20, Lalitpur Tel: +977-1-5439268, 5439269, Cell: +977-9801023474
Damak Branch: Rizu Karki 9814970040
Chitawn Branch Babu Ram 9855058369



## भावपूर्ण श्रद्धाञ्जली

धर्ती आगमन : वि.सं. २०१५/०७/२६ गते



परमधाम गमन् : वि.सं. २०८२/१२/२६ गते

**स्व. विष्णुदेवी धिमाल (राधिका)**

मकवानपुर, हेटौडा, निवासी हाम्रा परम् मित्र दिनेश शर्मा धिमालकी ममतामयी माता **विष्णुदेवी धिमाल (राधिका)**को असामयिक परमधाम गमन् भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको परमात्मासँग चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै, यस दुःखद् घडीमा सम्पूर्ण शोक सन्तप्त परिवारजनप्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

**टिकाराम ढकाल, वीरेन्द्रनगर, सुर्खेत**
**राजन घिमिरे, हेटौंडा, मकवानपुर**
**सिमोन न्यौपाने, कोल्हवी, बारा**
**राजकुमार गजुरेल, पर्सा, चितवन**
**निरज कुमार थापा, निजगढ, बारा**


## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँकबढाबढ द्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८३/०१/०८

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटकपटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन, कालोसूचिमा राखिने बारेको ३५ दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, व्यक्तिगत जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखि दिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँकबढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँकबढाबढ द्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशील**
**धितो लिलाम बिक्रीहुने मिति : २०८३ साल जेठ महिना १२ गते**
सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा कार्यालय पाटन, बैतडी।
लिलामहुने कार्यालय/स्थान: कृषि विकास बैंक लि. शाखा कार्यालय क्याम्पसरोड, धनगढी।

**ग्राहकको विवरण**

१. **ग्राहकको नाम : एलिसा हार्डवयर एण्ड सप्लायर्स प्रा.ली.**दर्ता भएको कार्यालय : **कम्पनि रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।**
फर्मको दर्ता नं. २०२९००/०७५/७६ दर्ता मिति : २०७५/०८/०६ पान नं. ६०६५४२७६८

**लिलामहुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा | एलिसा हार्डवयर एण्ड सप्लायर्स प्रा.ली. | कैलाली | धनगढी | ०१ | १८ | ६३९.६० |

**संचालकहरुको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| रमेश बहादुर ऐर | नवदुर्गा ४, डडेल्धुरा | ७४१००४/४२९ | डडेल्धुरा २०६७/०३/२३ | फगिर सिंह ऐर | खली सिंह ऐर |

**शर्तहरु :**
१) धितो लिलाम डाँकबढाबढ हुने तोकिएको दिन लिलामी काय सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन)जना ब्यक्ति/संस्थाहरुले भागलिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित बैंकमा सम्पर्क राखि जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतःजफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबीगर्न पाईने छैन।
६) डाँकबढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाहीहुने छैन।
८) लिलाम सदर भएपश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोलगर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाडौं**

६ मंगलबार ८ वैशाख २०८३
खेलकुद वाटिका
राजधानी
www.rajdhanidaily.com
का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०६९/०७०
Tuesday 21 April 2026

## केकीको 'स्टेसन' निर्माण सुरु

अघिल्लो चलचित्र 'बोक्सीको घर'को उच्चमुनाफापछि हौसिएकी अभिनेत्री केकी अधिकारीले दोस्रो चलचित्र 'स्टेसन' निर्माण सुरु गरेकी छन् । अक्षय तृतीयाको अवसर पारेर सोमबार ललितपुर पाटनस्थित बगलामुखी मन्दिर परिसरमा पूजासहित मुहूर्त गरिएको हो । अर्को साताबाट छायांकनमा चलचत्रिलाई निर्देशक सुरक्षण भारतीले गर्दै छन् । केकी र सुलक्षण दुबै यसमा मुख्य भूमिकामा पनि देखिने छन् ।



■ आईसीसी महिला च्यालेन्ज ट्रफी

# नेपालको तगारो अमेरिका, इटालीलाई हराउँदै पहिलो जित

**नवीन लुईटेल/राजधानी**
काठमाडौं, ७ वैशाख

अफ्रिकी राष्ट्र रुवान्डामा जारी 'आईसीसी महिला च्यालेन्ज ट्रफी २०२६'मा नेपालको मुख्य प्रतिस्पर्धीका रूपमा अमेरिका देखिएको छ। 'महिला च्यालेन्ज ट्रफी'मा नेपाल, रुवान्डा र इटालीका आफ्ना दुई-दुई खेल सकिँदासम्म र अमेरिकासँगै भानुआतुको १-१ खेलको नतिजा आइसक्दा मुख्य दाबेदारका रूपमा अमेरिका र नेपाल नै देखिएका छन् । तालिकामा १ खेलबाटै २ अंक जोड्दै राम्रो रनरेटसाथ अमेरिका पहिलो स्थानमा छ ।

रुवान्डा, नेपाल र इटालीले २ -२ खेलमा १ हार र अर्कोमा जित बटुल्दै २-२ अंक बनाएका छन् । रनरेटका आधारमा दोस्रो स्थानमा रुवान्डा, तेस्रो स्थानमा नेपाल र चौथो स्थानमा इटाली छन्। एक खेलमात्रै खेलेको भानुआतुको कुनै अंक छैन ।

नेपालले बुधबार रुवान्डासँग र शुक्रबार भानुआतुसँग प्रतिस्पर्धा गर्ने छ । अघिल्ला खेलको विश्लेषण गर्दा नेपालका लागि इटाली, रुवान्डा र भानुआतुसँग खेल्न केही सहज देखीएको छ । नेपालले सहजै हराएको इटालीले रुवान्डालाई हराएको छ भने रुवान्डाले पनि भानुआतुलाई हराएको छ ।

पहिलो राउन्डमा नेपालले बाँकी दुई खेलसँगै अर्को राउन्डमा अमेरिकासँगै सबैसँग शतप्रतिशत सुखद नतिजा निकालेको खण्डमा उपाधि जित्ने निश्चित छ । यस्तोमा अमेरिकालाई अन्य राष्ट्रले हराएमा या कम रनरेटमा खेल जितेमा नेपालको भाग्य चम्किन सक्छ ।

अमेरिकाले पहिलो खेलमा नेपाललाई ४४ रनले हराएको छ । १ सय २४ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ७९ रनमा अलआउट भयो । अर्को खेलमा इटालीलाई ५० रनले हराएपछि नेपालले पनि २ अंक बनायो । नेपालसँग पराजित इटालीले पहिलो खेलमा आयोजक रुवान्डालाई १६ रनले निराश बनाएको थियो ।

त्यस्तै, पहिलो खेलमा इटालीसँग हारे पनि दोस्रो खेलमा रुवान्डाले भानुआतुलाई ४१ रनले स्तब्ध पारिदिएको छ । नेपालले वैशाख ९ गते बुधबार रुवान्डासँग र वैशाख ११ गते शुक्रबार भानुआतुसँग प्रतिस्पर्धा गर्नेछ ।

**इटालीलाई हराउँदै पहिलो जित**

अनुभवी खेलाडी रुबिना क्षेत्रीको ४ विकेटको मद्दतमा नेपालले आइतबार इटालीलाई ५० रनले हराएको हो । यसअघि शनिबार भएका पहिलो खेलमा नेपाल अमेरिकासँग ४४ रनले पराजित भएको थियो ।

११३ रनको लक्ष्य पछ्याएको इटाली १८ ओभर ४ बलमा ६२ रनमा 'अलआउट' भयो । इटालीका लागि चथुरिका महामालागेले सर्वाधिक २२ रनको योगदान दिइन् । इटालीको इनिंग्स ध्वस्त पार्नेक्रममा नेपालकी रुबिनाले २ दशमलव ४ ओभरमा ४ रन मात्र खर्चेर ४ विकेट लिइन् । रुबिना 'प्लेअर अफ दि म्याच'समेत घोषित भइन् । उनी हालसम्म सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा पहिलो नम्बरमा छिन् ।

योसँगै कविता कुँवरले २ तथा मनिषा उपाध्याय, रिया शर्मा र रचना चौधरीले १-१ विकेट लिए । यसअघि, राजधानी किगालीस्थित गहँगा अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ओभरमा ८ विकेट गुमाएर १ सय १२ रन बनाएको थियो ।

उपकप्तान पुजा महतोले अविजित ४८ रनको योगदान गरिन् । उनी हालसम्म प्रतियोगिताकै सर्बाधिक रनकर्ताका रुपमा पहिलो स्थानमा छिन् । यसैगरी, सम्झना खड्काले १६ रन, बिन्दु रावलले १५ रन बनाउँदा कप्तान इन्दु बर्माले १० रन बटुलिन् । अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

इटालीका लागि इमिलिया बार्ट्रमले ३ विकेट लिइन् भने कुमुदु पेड्रिक, एलेक्सिया कोन्टोपिराकिस, इलेना सिम्स, पसन्दी कानाकेगे र थिलिनी फर्नान्डोले १-१ विकेट लिएका थिए ।



पहिलो राउन्डमा नेपालले बाँकी दुई खेलसँगै अर्को राउन्डमा अमेरिकासँगै सबैसँग शतप्रतिशत सुखद नतिजा निकालेको खण्डमा उपाधि जित्ने निश्चित छ

आयोजक रुवान्डासहित नेपाल, अमेरिका, इटाली र भानुआतु गरी ५ राष्ट्रले प्रतिस्पर्धा गरिरहेको प्रतियोगिता आगामी १८ वैशाखसम्म रुवान्डाको राजधानी किगाली सिटीमा जारी रहनेछ । 'डबल राउन्ड रोबिन'का आधारमा हुने प्रतियोगितामा सहभागी चारवटै देशले सबैसँग दुई-दुईपटक प्रतिस्पर्धा गर्ने छन् । यसरी दुई राउन्डमा ४-४ पटकगरी ८ खेलमा प्रतिस्पर्धा गर्ने टोलीमा सबैभन्दा उच्चअंक बनाउने टोली नै यो प्रतियोगिताको विजेता बन्ने छ ।

**दोस्रो राउन्डका खेल आइतबारबाट**

पहिलो राउन्डका प्रतिस्पर्धा सकिएपछि १३ वैशाखबाट दोस्रो राउन्डका खेल सुरु हुने छन् । जसमा नेपालले सोही दिन अमेरिका, १५ वैशाखमा रुवाण्डा, १७ वैशाखमा भानुआतुसँग र १८ वैशाखमा इटालीसँग प्रतिस्पर्धा गर्नेछ । नेपाली महिला टोली पहिलोपटक रुवान्डा गएर खेलीरहेको हो । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले पहिलोपटकै आयोजना गरेको 'महिला च्यालेन्ज ट्रफी' एसोसिएट राष्ट्रमा पुरुष क्रिकेटजस्तै विकास र विस्तार गर्नका लागि सुरुवात गरिएको प्रतियोगिता हो । यसको घोषणा आईसीसीले नोभेम्बर २०२५ मा गरेको थियो ।

'उत्कृष्ट ८' एसोसिएट राष्ट्रले २०-३० नोभेम्बर २०२५ सम्म थाइल्यान्डमा भएको 'आईसीसी इमर्जिङ महिला नेसन्स ट्रफी'मा प्रतिस्पर्धा गरेका थिए ।

उत्कृष्ट नेदरल्यान्ड्स, पपुवा न्यु गिनी, स्कटल्यान्ड, थाइल्यान्ड, युएई, नामिबिया, तान्जानियाँ र युगाण्डाभन्दा तलको वरियतामा रहेका रुवान्डासहित नेपाल, अमेरिका, इटाली र भानुआतु गरी पाँच राष्ट्र 'महिला च्यालेन्ज ट्रफी' खेल्दै छन्।

'च्यालेन्ज ट्रफी' खेल्दै गरेका पाँच टिममा 'नेपाल टी-२० वरियता'मा सबैभन्दा माथि छ । 'टी-२०' वरियतामा नेपाल २१औं स्थानमा छ भने इटाली २३औं, अमेरिका २४औं, आयोजक रुवान्डा २५औं स्थानमा छन् । भानुआतु भने 'आईसीसी टी-२० वरियता'को ३०औं स्थानमा छ ।

नेपालले प्रतियोगितामा चार टिमसँग प्रत्येकसँग २-२ पटक गरी कूल ८ खेल खेल्ने छ । अफ्रिकी मुलुक रुवान्डामा हुने प्रतियोगिता नेपालका लागि फरक र नयाँ अनुभूति हुनेछ। यो प्रतियोगिताबाट नेपाली खेलाडीले अन्तर्राष्ट्रिय एक्सपोजरदेखि अनुभव लिने र अफ्रिकी मैदानमा खेल्ने राम्रो अवसर मिलेको छ ।

रुवान्डामा प्रतिस्पर्धा गर्ने नेपाली टोलीको कप्तानी इन्दु वर्माले गरिरहेकी छन् । जहाँ पूजा महतो उपकप्तानको जिम्मेवारीमा छिन् । १४ सदस्यीय नेपाली टोलीमा सिनियर तथा अनुभवी रुविना क्षेत्रीसँगै कविता जोशी, बिन्दु रावल, सम्झना खड्का, रुबि पोदार, कविता कुँवर, रिया शर्मा, रोमा थापा, सुमन विष्ट, अनु कडायत, मनिषा उपाध्याय र रचना चौधरी छन् ।इन्दु गत जनवरीमा काठमाडौंमा सम्पन्न 'महिला टी- २० विश्वकप छनोट'अन्तर्गत स्कटल्यान्डविरुद्धको खेलमा घाइते भएकी थिइन् ।

चोटका कारण उनले 'महिला एसिया कप राइजिङ स्टार्स प्रतियोगिता' गुमाएकी थिइन् । गत वर्ष नेपालको 'महिला क्रिकेट टिमले महिला टी-२० विश्वकप'को 'ग्लोबल क्वालिफायर'मा पहिलोपटक छनोट भएर इतिहास रच्दै उपलब्धी हासिल गरेको थियो। तर, घरेलु भूमिमै भएको 'ग्लोबल क्वालिफायर'मा 'शीर्ष ४'मा अटाउन नसक्दा भने नेपाली महिला टोलीले 'टी-२० विश्वकप' खेल्ने ऐतिहासिक अवसर गुमायो ।

# एन पेनाङ टाइब्रेकरमा चुक्दा मच्छिन्द्रको जित

**भगीरथ भण्डारी/राजधानी**
इलाम, ७ वैशाख

इलामको ठुलो टुँडिखेलमा जारी 'तेस्रो इलाम गोल्डकप'अन्तर्गत सोमबार सम्पन्न खेलमा काठमाडौंको मच्छिन्द्र फुटबल क्लब सेमिफाइनल पुगेको छ । उसले एन पेनाङ मलेसियालाई टाइब्रेकरमा हराउँदै सेमिफाइनल यात्रा तय गरेको हो ।

निर्धारित ९० मिनेटमा गोलरहित बराबरी भएपछि नतिजा टाइब्रेकरमा पुगेको थियो। निकै प्रतिस्पर्धात्मक खेलमा मच्छिन्द्रले टाइब्रेकरमा बाजी मार्दै सेमिफाइनल यात्रा सुरक्षित गऱ्यो। योसँगै 'इलाम गोल्डकप'मा सहभागी विदेशी टिम बाहिरिएको छ ।

मच्छिन्द्रका सनिस श्रेष्ठ, मिलन राई र देवेन्द्र तामाङले गोल गर्दा दीपेश गुरुङको प्रहार गोलरक्षकले बचाउ गरे भने दिवाकर चौधरीको प्रहार अकासियो । एन पेनाङका ओलाई र पाउलेले गोल गर्दा निसान लिम्बु, पिसो र लहान सुब्बाले गोल गर्न चुक्दा क्वाटर फाइनलबाट मलेसियन टिम बाहिरिएको छ ।

खेल सुरुवातमै आक्रामक देखिएको एन पेनाङले दोस्रो मिनेटमै मुसाको क्रसमा फिलिपमार्फत गोल अवसर सिर्जना गरेको थियो, तर मच्छिन्द्रका गोलरक्षक प्रदीप भण्डारीले उत्कृष्ट बचाउ गर्दै टोलीलाई संकटबाट जोगाए । १४औं मिनेटमा स्टेपेङको क्रसमा ओलाईले सही दिशा दिन नसक्दा एन पेनाङ अग्रता लिनबाट चुक्यो ।



मच्छिन्द्रले खेलमा पकड जमाउँदै १५औं मिनेटमा मिलन चाम्लिङको प्रहार विपक्षी गोलरक्षकले बचाए भने १७औं मिनेटमा प्रदीप बुढाथोकीको क्रसमा मिलन चुके। लगत्तै प्रदीपकै अर्को प्रहारमा दीपेन्द्रले पनि अवसर सदुपयोग गर्न सकेनन्। २९औं मिनेटमा अविनाशले नजिकैबाट पाएको राम्रो अवसर गुमाउँदा मच्छिन्द्र अग्रता लिन चुक्यो ।

३१औं मिनेटमा लहान सुब्बाको फ्रिकिकमा जोहनले गरेको हेड पोस्टबाहिर जाँदा एन पेनाङले पनि अवसर खेर फाल्यो। ३९औं मिनेटमा मिलनको प्रयास असफल हुँदा त्यसलगत्तै युवराज ढकालको प्रहार गोलरक्षकले सहजै नियन्त्रणमा लिए ।

मध्यान्तरपछि पनि खेल उस्तै प्रतिस्पर्धात्मक रह्यो । ५५औं मिनेटमा प्रदीप बुढाथोकीको शक्तिशाली प्रहार गोलरक्षकले बचाए भने ५७औं मिनेटमा एन पेनाङका फिलिपले पाएको अवसर गोलमा परिणत हुन सकेन । त्यसको केही बेरमै नरेन्द्र चौधरीको 'फ्रिकिक' प्रहारलाई मच्छिन्द्रका प्रदीप भण्डारीले पञ्च गर्दै बचाए ।

७३औं मिनेटमा कर्नरमार्फत पाएको अवसर एन पेनाङले सदुपयोग गर्न सकेन । ७५औं मिनेटमा पाउल फेनेले फाउल गरेपछि पाएको 'फ्रिकिक'मा प्रदीपको क्रसलाई सनिश श्रेष्ठले हेड त गरे बल गोल पोस्ट बाहिरिन पुग्यो ।

खेलको ८५औं मिनेटमा मिलनको क्रसमा प्रदीपले गोल गर्न सकेनन् भने ८७औं मिनेटमा प्रदीपकै क्रसमा एलिक श्रेष्ठको प्रहार फ्रेममा नपर्दा खेल गोलरहित बराबरीमा सकियो ।

उत्कृष्ट प्रदर्शन गरेका मच्छिन्द्रका गोलरक्षक प्रदीप भण्डारी खेलको 'म्यान अफ द म्याच' घोषित भए । उनले नगद ८ हजार १ रुपैयाँ प्राप्त गरे । मंगलबार (आज) न्यूरोड काठमाडौं र चित्लाङ फुटबल क्लबबीच हुनेछ ।

यही १२ वैशाखसम्म सञ्चालन हुने प्रतियोगिताका विजेताले १० लाख रुपैयाँसहित उपाधि जित्ने छ भने उपविजेताले ५ लाख रुपैयाँ प्राप्त गर्ने छन्।



# २०८३ सुरुमै आएका दुई चलचित्र 'फ्लप' !

**राजधानी समाचारदाता**
काठमाडौं, ७ वैशाख

२०८३ को अवसर पारेर रिलिज 'राम नाम सत्य'को व्यापार उत्साहजनक छैन । चलचित्र विकास बोर्डद्वारा सोमबार जारी बक्स अफिस रिपोर्टअनुसार यो चलचित्रले पहिलो साता कुल २ करोड ७८ लाख १८ हजार ८४१ रुपैयाँ व्यापार गरेको छ । चलचित्रको लागतअनुसार पहिलो साताको व्यापारलाई न्यून मानिएको छ । 'राम नाम सत्य'लाई शनिबार रातिसम्म ९ दिनमा ९७ हजार २०६ दर्शकले टिकट काटेर हेरेका छन् । माइकल इन्टरटेन्मेन्ट हाउसको प्रस्तुति रहेको चलचित्रलाई माइकल चन्दले निर्देशन गरेका हुन् । लागतमात्रै करिब चार करोड रुपैयाँ रहेको यो चलचित्रले त्यो उठाउन चलचित्र घरमा १० करोडको व्यापार गर्नुपर्नेछ । पहिलो सातामा पौने तीन करोडको व्यापार गरेको यो चलचित्र ठुलै घाटामा छ । त्यस्तै, गत १ वैशाखमा रिलिज तुलसी घिमिरे निर्देशित चलचित्र 'पहाड'को व्यापार पनि उत्साहजनक छैन । यो चलचित्रले रिलिज भएको पाँच दिनमा नेपालको बक्स अफिसमा कुल ४६ लाख ७६ हजार ६३७ रुपैयाँको व्यापार गरेको छ । यसलाई रिलिजको पाँच दिनमा १४ हजार ३१८ दर्शकले चलचित्र घरमा हेरेको बक्स अफिस रिपोर्टमा उल्लेख छ । सुरुका दुई दिन चलचित्र 'पहाड'को राम्रो व्यापार थियो । तर, तेस्रो दिनबाट यसको व्यापार खस्कन सुरु भएको हो । पाँचौं दिन आइपुग्दा शनिबारसमेत चलचित्रले राम्रो व्यापार गर्न सकेको छैन ।


HILLTOP

## हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.

का.म.पा.-३२, तिनकुने काठमाडौं ।
फोन नं.०१-४१११८७२, ४१११९०२

**ऋण चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

प्रकाशित मिति : २०८३/०१/०८ गते (राजधानी दैनिक)

यस संस्थाको कार्यालय का.म.न.पा.-३२ तिनकुने काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको ऋणको सावाँ,ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस संस्थामा नियमित रुपमा बुझाउन पर्नेमा हाल सम्म नतिरी नबुझाइ भाखा नघाई ऋण सम्बन्धी शर्त बन्देजहरुको उल्लघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाइ बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंत्तीस)दिन भित्र सम्पर्क राखी यस संस्था लाई तिर्नु बुझाउनु पर्ने बाँकी ऋणको सावाँ, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्ता हरुलाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०६६ एवम् प्रचलीत अन्य ऐन कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानीलाई समेत कालो सूचीमा राखी यस संस्थाको लेना बाँकी रकम असूलीका लागि थप कानूनी कार्यवाही अगाडी बढाइने व्योहरा समेत सम्बन्धित ऋणी तथा व्यक्तिगत धन जमानी सबै लाई सूचित गरिन्छ ।

**तपशिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| ऋणीको नाम : सम्झना आचार्य<br>बाबु/पति : शम्शेर बहादुर आचार्य/ शंकर कार्की<br>बाजे/ससुरा : धनपति आचार्य/टंक बहादुर कार्की<br>स्थाई ठेगाना : पवटी-३ दोलखा<br>ना.प्र.नं. २२३००५/११०, दोलखा<br>**धितोको विवरण** : टंक बहादुर कार्कीको बुहारी शंकर कार्कीको श्रीमति सम्झना आचार्यको नाममा मालपोत कार्यालय दोलखा दर्ता श्रेष्ता कायम भएको दोलखा जिल्ला फस्कु वडा नं. ८ कि नं. १५१ र १५२ क्षेत्रफल ८०५.००, १२००.०० वर्ग मिटर भएको जग्गा र सो जग्गामा बनेको घर टहरा समेत । | नाम : झुमा कुमारी लिम्बु<br>बाबु : पूर्ण बहादुर लिम्बु<br>बाजे : दल बहादुर लिम्बु<br>स्थाई ठेगाना : गौरादह-२, झापा<br>ना.प्र.नं. ३४१५३८०५, भक्तपुर<br>नाम : शंकर बस्नेत<br>बाबु : टंक बहादुर बस्नेत<br>बाजे : टेक बहादुर बस्नेत<br>स्थाई ठेगाना : शैलुङ-६ दोलखा<br>ना.प्र.नं. २२१००७-२२६, दोलखा |
| ऋणीको नाम : मनिषा बस्नेत<br>बाबु/पति : इन्द्र बहादुर बस्नेत/रेवन्त थापा<br>बाजे/ससुरा : विक्रम बहादुर बस्नेत/टंक विक्रम थापा<br>स्थाई ठेगाना : का.म.न.पा-१०, काठमाण्डौं<br>ना.प्र.नं. १५९८, काठमाण्डौं<br>**धितोको विवरण** : टंक विक्रम थापाको बुहारी रेवन्त थापाको श्रीमति मनिषा बस्नेतको नाममा मालपोत कार्यालय काठमाण्डौ मा दर्ता श्रेष्ता कायम भएको काठमाण्डौं जिल्ला लप्सीफेदि वडा नं. ५ कि नं. ३४० र ३४३ क्षेत्रफल ०-१४-२-० रोपनी र ०-४-२-० रोपनी भएको जग्गा । | नाम : रेवन्त थापा<br>बाबु : टंक विक्रम थापा<br>बाजे : बम विक्रम थापा<br>स्थाई ठेगाना : सिद्धेश्वर-६, सिन्धुली<br>ना.प्र.नं. ४००६३, सिन्धुली |
| ऋणीको नाम : बिजय लक्ष्मी राई<br>बाबु/पति दल बहादुर राई/राज कुमार राई<br>बाजे/ससुराः खड्ग बहादुर राई<br>स्थाई ठेगाना : काठमाण्डौ<br>ना.प्र.नं. २७-०१-७१-००३८८ काठमाण्डौं-३२<br>**धितोको विवरण** : दल बहादुर राइको बुहारी/राज कुमार राईको श्रीमति बिजय लक्ष्मी राईको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौमा दर्ता श्रेष्ता कायम भएको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १० कि नं. १३ को क्षेत्रफल ०-२-३-० रोपनी भएको जग्गा र सो जग्गामा बनेको घर समेत। | नाम : गणेश मैनाली<br>बाबु : मोहन मैनाली<br>बाजे : जगनिधि मैनाली<br>स्थाई ठेगाना : गोदावरी न.पा. १२ ललितपुर<br>ना.प्र.नं. २८-०१-०७०-०५६०६, ललितपुर<br>नाम : सागर उप्रेती<br>बाबु : दुण्डी राज उप्रती<br>बाजे : कपीलमुनी उप्रती<br>स्थाई ठेगाना : विर्तामोड न.पा. ७ झापा<br>ना.प्र.नं. ३५७४२५३३ झापा |


स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : **सचिन शेरचन**, प्रबन्ध निर्देशक : **आशिष शेरचन**, सम्पादक : **डिल्ली आचार्य**